१९ औ गाउँ कार्यपालिका बैठक

आज मिति २०७९।०३।१६ गते बिहिवारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका नवनिर्वाचित अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७८/७९ को उन्नाईसौ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ……………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ……………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश योङहाङ ……………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………………

१०. का पा सदस्य श्री सुष्मा लावती ……………………………………………………………

११. का पा सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………………

१२. का पा सदस्य श्री बिरेन्द्र मंग्राती ……………………………………………………………

१३. का पा सदस्य श्री पुण्यप्रसाद राई ……………………………………………………………

१४. का पा सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………

१५. का पा सदस्य श्री गंगामाया विश्वकर्मा ……………………………………………………………

१६. **सदस्य सचिव** श्री बिक्रम लिम्बु ……………………………………………………………

# १९ औ गाउँ कार्यपालिका बैठक

<u>प्रस्तावहरु:-</u>

१. राजश्व सुधार कार्ययोजना, २०७८ को प्रतिवेदन स्विकृति सम्बन्धमा।

२. न्यूनतम दररेट निर्धारण समिति गठन सम्बन्धमा।

३. कृत्रिम गर्भाधान कार्यक्रम संचालन विधेयक, २०७९ सम्बन्धमा।

४. कृषि व्यवसाय (अनुमति, दर्ता र नविकरण तथा अभिलेख सम्बन्धी) विधेयक, २०७९ सम्बन्धमा।

५. कक्षा थप अनुमति सम्बन्धमा।

६. विधालय स्थानान्तरणका लागि सिफारिस सम्बन्धमा।

१९ औ गाउँ कार्यपालिका बैठक

**निर्णय नं. - १**

प्रदेश प्रशिक्षण केन्द्र, प्रदेश नं १ विराटनगर र हिलिहाङ गाउँपालिकाको संयुक्त लगानीमा यस कार्यालयको राजश्व सुधार कार्ययोजना निर्माणका लागि परामर्शदाता श्री पाथवे ईन्जिनियरिङ कन्सल्टेन्सी, भक्तपुरसँग भएको सम्झौता अनुरुप उक्त संस्थाले पेश गरेको राजश्व सुधार कार्ययोजना, २०७८ को अन्तिम प्रतिवेदन माथीको छलफल पश्चात उक्त प्रतिवेदनलाई स्विकार गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. - २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफनो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट निर्धारण गरिसक्नुपर्ने कानुनी प्रावधान बमोजिम सो कार्यको लागि यस गाउँपालिकामा देहायनुसारको एक स्थानीय न्यूनतम दररेट निर्धारण समिति रहने सर्वसम्मत निर्णय गरियो।

**स्थानीय न्यूनतम दररेट निर्धारण समिति**

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष श्री समर बहादुर अधिकारी | - संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाई | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत श्री बिक्रम लिम्बु | - सदस्य |
| (घ) पुर्वाधार विकास समिति संयोजक श्री पुन्य प्रसाद राई | - सदस्य |
| (ङ) आर्थिक विकास समिति संयोजक श्री गंगामाया विश्वकर्मा | - सदस्य |
| (च) उधोग वाणिज्य संघ प्रतिनिधि श्री प्रल्हाद खरेल | - सदस्य |
| (छ) निर्माण व्यवसायी संघ प्रतिनिधि श्री ................................ | - सदस्य |
| (ज) आर्थिक विकास शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना | - सदस्य |
| (झ) पूर्वाधार शाखा प्रमुख ई. श्री उगेनमणि लिम्बु | - सदस्य सचिव |

**निर्णय नं. - ३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको पशु नश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन गर्न यस गाउँपालिकालाई आवश्यक कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि, २०७९ लाई सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. - ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ७ (ण) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न यस गाउँपालिकालाई आवश्यक देहायनुसारको एक ' कृषि व्यवसाय (अनुमति, दर्ता, नविकरण र खारेजी) संचालन कार्यविधि, २०७९' सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. - ५**

- श्री जय भवानी मा वि हिलिहाङ ७ ले आगामी शैक्षिक सत्र २०७९ देखि कक्षा १० सञ्चालन गर्नका लागि सम्बन्धित विधालयको व्यवस्थापन समितिको निर्णय सहित माग निवेदन पेश गरेको हुँदा सम्बन्धित विधालयले नै आर्थिक दायित्व बहन गर्ने शर्तमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार सो विधालयलाई कक्षा थपको अनुमति प्रदान गर्ने निर्णय गरियो।

- श्री सिंहपुर ईङ्लिस मेडियम स्कुल हिलिहाङ २ ले आगामी शैक्षिक सत्र २०७९ देखि कक्षा ४ सञ्चालन गर्नका लागि सम्बन्धित विधालयको व्यवस्थापन समितिको निर्णय सहित माग निवेदन पेश गरेको हुँदा सम्बन्धित विधालयले नै आर्थिक दायित्व बहन गर्ने शर्तमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार सो विधालयलाई कक्षा थपको अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. - ६**

हिलिहाङ ७ स्थित श्री कञ्चन शिक्षा निकेतन प्रा. लि ले दिएको निवेदन बमोजिम सो स्कुललाई स्थानान्तरणका लागि जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइ पाँचथरलाई सिफारिस गर्ने निर्णय गरियो।